आज मिति २०७७/१२/०२ गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईको अध्यक्षतामा कार्यालयका कर्मचारीहरुको फागुन महिनाको मासिक बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| श्री राजकुमार राई | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री अन्जु पोखेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री विरेन्द्र विष्ट | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री खम्बु रावत | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री केशव थापा | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री ओपेन्द्र ओली | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री आशाराम पुन मगर | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री लक्ष्मण खत्री | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री भोग बहादुर खडका | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बल बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री करण बुढा मगर | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री बासुदेव कामी | हलुका सवारी चालक | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री रिता आचार्य | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री सुस्मिता श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री दिपिका गौतम | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री पूर्ण बहादुर खत्री | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व |
| श्री रेशम कुमार रोका मगर | सूचना समन्वयकर्ता | |
| श्री निर्मला बुढाथोकी | कार्यालय सहयोगी | |

प्रमुख जिल्ला अधिकारी

## निर्णयहरु

### निर्णय नं. १

२०७७ साल माघ देखि फागुन महिनाको मसान्तसम्मको जम्मा ५९ दिनमा गरिएको कार्य सम्पादनको समीक्षा गर्दा तपशिलका ५९ क्रियाकलापहरु सकरात्मक भएको समीक्षा गरियो ।

### तपशिल

१.कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको लागि ऐतिहासिक रुपमा पहिलो पटक सेवाग्राही प्रतिक्षालयमा प्रति पुस्तकको सेवाग्राही पुस्तकालय स्थापना गरी सन्चालनमा ल्याईएको ।

२.सेवाग्राहीलाई कार्यालयबाट प्रदान गरिने सेवाको बारेमा जानकारी दिन र सेवा लिन सहयोग गर्न खाम भाषा सहितको सेवाग्राही सहजीकरण कक्षको स्थापना गरिएको ।

३.कार्यालयबाट दिइने सेवालाई सरल,सहज र समतामुलक बनाउन सेवाग्राहीको लागि टोकन प्रणाली लागू गरिएको ।

४. जिल्लाबाटै राहदानी जारी गर्न राहदानी विभागसँग अनुमति माग गरी पठाईएको ।

५.जिल्लास्थित रासि हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड रुकुमगाडको जलविद्युत आयोजना संचालनमा आएका समस्याहरुको समाधान गर्न समन्वयात्मक बैठक बसी पीडितहरुलाई क्षतिपूर्तिको सुनिश्चिता गरिएको ।

६."नविनतम सेवा प्रवाह पुस्तिका,२०७७" पुस्तकको विमोचन तथा वितरण गरिएको ।

७.जिल्लाको शान्ति सुरक्षा अमनचयन प्रभावकारी बनाईएको ।

८.विकास आयोजनाका समस्या समाधान गर्न समन्वय बैठक बसेको।

९. नेपाली सेनालाई जग्गा प्राप्तिको लागि सहकार्य र समन्वय गरी प्रक्रिया बढाइएको ।

१०.राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समितिको बैठक बसेको ।

११. बाग्लुङ र रुकुम पुर्व जिल्लाका सुरक्षा प्रमुखहरुको अन्तर जिल्ला समन्वय बैठक भएको ।

१२. नागरिकता जारी गर्दा निरक्षरहरुको हकका वडा सिफारिसको सुरुवात ।

१३.छिमेकी जिल्लाका सुरक्षा समितिहरुसँग भर्चुअल बैठकको सुरुवात ।

१४. बाग्लुङ जिल्ला र रुकुम (पूर्व) जिल्लाको पातिहाल्ना भन्ने ठाउँको सिमानामा भएको विवाद समाधान गर्न सरोकारवालाहरुसँग सहजीकरण ।

१५.अन्तर जिल्ला (छिमेकी जिल्लाहरुसँग) शान्ति सुरक्षा, सुशासन, सेवा प्रवाह जस्ता विषयहरुमा असल अभ्यासहरुको अनुभव आदान प्रदान ।

१६.सिस्ने ५ स्थित APF टोकरीमुनी रहेको पलायना जंगलमा २०७७।११।२१ गते साँझमा अचानक भएको आगलागी नियन्त्रणमा तत्काल स्थानीयबासीहरु, नेपाल रेडक्रस, सुरक्षा निकायहरुसँग सन्चार गरी तत्काल आगलागी नियन्त्रण गरिएको ।

प्रमुख जिल्ला अधिकारी

१७.सिस्ने गा.पा. वडा नं. २ स्थित विभिन्न जंगलहरु(दकुना,मोरावाङ,तसे, कुचिवाङ,खुर्पानी) नामको जंगलहरुमा २०७७।११।१४ गते भएको आगलागीलाई तत्काल सरोकारवालाहरुसँग समन्वय,संचार र सहकार्य गरी नियन्त्रणमा लिईएको ।

१८.राजमार्गलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि चेतनामूलक होर्डिङ बोर्डहरु विभिन्न् स्थानहरुमा राख्न लगाईएको ।

१९.यातायातहरुमा आरक्षण सिट लक्षित वर्गलाई उपलब्ध गराउन सुनिश्चिता गरिएको ।

२०. सवै सरकारी कार्यालयहरुको असल अभ्यासको अनुगमन सबै कार्यालय प्रमुखहरुले संयुक्त रुपमा गर्न थालिएको ।

२१.विदेशी नागरिक अनुगमन जिल्ला समितिले यस जिल्लामा भ्रमण गर्नुहुने विदेशी नागरिकहरुको अनुगमन र सहजीकरणको सुरुवात ।

२२.जिल्लास्थित बैंक तथा वित्तिय संस्थाहरुको अनुगमन ।

२३.कोभिड-१९ विरुद्धको खोप संचालन,व्यवस्थापन र नियमनँलाई प्रभावकारी बनाईएको ।

२४.जिल्लास्थित सबै सरकारी कार्यालयहरुलाई आफ्नो सवारी साधनमा High Security Embossed Vehicle Number Plate तत्काल राख्न लगाईएको ।

२५.अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँगको सहकार्यमा सुशासनको विषयमा सबै कार्यालय प्रमुखहरुलाई अभिमूखिकरण गरिएको ।

२६. प्रदेश मन्त्रालयका विभिन्न सचिव ज्यूहरुसँग संयुक्त रुपमा कार्यालयहरु, कार्यक्रम तथा बजेट र सार्वजनिक समसामयिक विषयमा सुधार उन्मुख अनुगमन गरिएको ।

२७.जामाबगरस्थित लघु जलविद्युतमा कार्यरत श्रमिकहरुले ज्याला नपाएको भन्ने संचार माध्यमबाट थाहा पाए पश्चात तत्काल उपभोक्ता समितिलाई बोलाइ स्पष्टिकरण लिइएको र एक हप्ता भित्र सो भुक्तानी गराउने भनी निर्देशन दिइएको ।

२८.सिस्ने-२ स्थित हिमालय मा.वि.का अनियमितताको विषयमा विद्यार्थीहरुले लगाएको ताला सबै सरोकारवालाहरुसँग समन्वय गरी खुलाईएको ।

२९.बाग्लुङ जिल्लाका सुरक्षा समितिसँग बैठक बसी दुवै जिल्लाका समसामयिक विषयमा अन्तरक्रिया गरी समाधानका लागि अनुभव आदान प्रदान गरिएको ।

३०. प्रमुख जिल्ला अधिकारीको निवासमा पाहुनाको लागि छुट्टै कोठाको निर्माण गरिएको ।

३१. मुख्यमन्त्री ग्रामिन विकास परियोजना रुकुम पूर्वको सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी ५ दिने स्थानीय अगुवाहरुलाई तालिम दिइएको ।

३२.विकास आयोजनालाई तोकिएको समय र गुणस्तर बमोजिम आयोजना सम्पन्न गर्न निरन्तर रुपमा सबैसँग निर्देशनात्मक संचार गरिएको ।

३३.आइसोलेसनमा भएका खाना र खाजा खर्च प्रदेश सरकारबाट निकासा नभएकोले स्थानीय सरकारहरुसँग अनुरोध गरी खाना खर्च रु.५,४७,०००।– भुक्तानी गरिएको ।

प्रमुख जिल्ला अधिकारी

३४.जेष्ठ नागरिकहरुसँग उनीहरुका समस्या र समाधानको विषयमा छलफल गरी राज्यबाट प्राप्त हुने सेवा सुविधाको विषयमा सहजीकरण गरिएको ।

३५.संवाद समुहको सहजीकरणमा जिल्ला प्रशासनबाट प्रवाह हुने सेवाहरुको विषयमा विभिन्न पक्ष र सरोकारवालाहरुलाई सु-सूचित गरिँएको ।

३६.२३ औं भुकम्प दिवसमा सुरक्षा समिति मार्फत जनचेतनामूलक प्रदर्शनात्मक कार्यक्रमहरु प्रस्तुत गरिएको ।

३७. भूमिसम्बन्धि समस्या समाधान आयोग जिल्ला समिति रुकुम पूर्वलाई कार्यालय व्यवस्थापनमा सहयोग र सहजीकरण गरिएको ।

३८.जिल्लास्थित मा.वि.का प्रधानाध्यापकहरुलाई शान्ति सुरक्षा, लागू औषध, नियन्त्रण,सामाजिक विकृति र अपराध नियन्त्रण, बाल अपराध नियन्त्रण आदि विषयमा सु-सूचित गरिएको ।

३९.विभिन्न योगाभ्यास कार्यक्रमहरु सहित पाचौं राष्ट्रिय योग दिवस मनाइएको र योगाको विकास र विस्तारको लागि सरोकारवालाहरुलाई सहजीकरण गरिएको ।

४०.जिल्लास्थित विभिन्न दलित जातका थरहरु दलित आयोगको सूचिमा नपरेकोले सो को समाधान गर्न दलित अधिकारकर्मीहरु स्थानीय तहहरु,गृह मन्त्रालय र दलित आयोगसँग बारम्बार समाधानका लागि आवश्यक पहल गरिएको ।

४१.जिल्लास्थित जनजाती समुदायको उत्थानको लागि भएका प्रयासमाथि छलफल गर्दै आगामी दिनमा थप प्रयासका विषयमा अन्तर्क्रिया गरिएको ।

४२.सेवाग्राही पुस्तकालयको थप व्यवस्थित गर्न शिक्षाप्रेमीहरुबाट विभिन्न पुस्तकहरु प्राप्तिको कामहरु भएको ।

४३.जिल्लास्थित सरकारी कार्यालयहरुको रिक्त दरबन्दीमा तत्काल पदपुर्तिको लागि सबै कार्यालयहरु मार्फत सम्बन्धित लोकसेवा आयोगमा माग गरी पठाईएको ।

४४. सेवाग्राहीहरुको लागि सुरक्षित प्रतिक्षालयको निर्माण गरिएको ।

४५. वर्तमान राजनीतिक परिप्रेक्षमा सबै दल र राजनीतिककर्मीहरुसँग निरन्तर समन्वय गरी कुनै पनि अप्रिय घटना घट्न नदिइएको ।

४६.यस जिल्लामा थप ६ वटा मतदान केन्द्रहरु स्वीकृत गराईएको ।

४७. निर्वाचन सम्बन्धी सचेतना कार्यक्रमहरु राजनीतिक दलहरु,कार्यालयहरु र विद्यालयहरुसँग सहजीकरण संयुक्त रुपमा गरिएको ।

४८.प्रत्येक कार्यालयहरुबाट मासिक रुपमा प्रगति लिइ सोको सार्वजनिकीकरण गर्ने गरिएको ।

४९.जिल्ला अस्पतालको व्यवस्थापनलाई प्रभावकारी बनाउन सबै सरोकारवालाहरुसँग संवाद गरिएको ।

५०.सरकारी कार्यालयहरुको छड्के अनुगमन गरी कार्यालय प्रमुखलाई पृष्ठपोषण दिने गरिएको ।

५१.सार्वजनिक मामिलाहरुको विषयमा विभिन्न् माध्यमहरुबाट उठेका मुद्दाहरुलाई तत्काल सम्बोधन गर्ने गरिएको ।

५२.जिल्ला प्रशासन कार्यालयको DEOC संचालनलाई प्रभावकारी बनाउन आवश्यक उपकरणहरु जुटाईएको ।

प्रमुख जिल्ला अधिकारी

५३.सबै कर्मचारीहरुलाई विभिन्न लेख रचना नियमित रुपमा लेखको लागि प्रोत्साहन गरेको र प्रकाशन समेत गर्ने गरिएको ।

५४.कार्यालय परिसरमा रहेका पुष्प तथा बोटविरुवाहरुको संरक्षण गरी कार्यालय परिसर स्वच्छ,सफा र सुन्दर राखिएको ।

५५. प्रमुख जिल्ला अधिकारीबाट सबै शाखाहरुमा स्वयम् उपस्थित भई कर्मचारीहरुको मुल्याङ्कन गरिएको र काममा आइपरेका समस्याहरुलाई सहजीकरण गर्ने गरिएको ।

५६.जिल्लास्थित अपाङ्गता भएका व्यक्तिहरुसँग बसी उनीहरुको समस्या समाधानका विषयमा सु-सूचित गराईएको ।

५७.प्रदेश मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, प्रदेश सभासद, जिल्ला समन्वय प्रमुखहरुसँग योजना र बजेट कार्यान्वयनको स्थलगत अनुगमन गरिएको ।

५८.सदरमुकामस्थित खानेपानी, स्वास्थ्य, शिक्षा, विकास निर्माण क्षतिपूर्ति जस्ता विषयहरुमा स्थलगत अनुगमन गरी तत्काल सम्बोधन गरिएको ।

५९. जिल्लास्थित सबै सरोकारवालाहरुसँग जिल्लाको समग्र विकास, सुशासन, दिगो शान्ति र समृद्धिको विषयमा सरोकारवालाको भूमिकाको विषयमा निरन्तर छलफल गर्ने गरिएको ।

**निर्णय नं. २**

सबै कर्मचारीहरुले प्रचलित कानून बमोजिम नियमित, जिम्मेवार, इमान्दारी, जवाफदेही र नतिजामूलक भएको पाईयो । आगामी दिनमा थप सुदृढ ढंगले सेवा प्रवाहलाई नतिजामूलक बनाउने ।

**निर्णय नं. ३**

यस कार्यालयका सबै कर्मचारीहरुको सेवा प्रवाह लेख रचनाको संगालो तयार गरी वेभसाईटमा राख्ने । सो को लागि ना.सु. खम्बु रावललाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस २०७७ फागुन महिनामा यस कार्यालयको विकास र व्यवस्थापन कार्यमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने कार्यालय सहयोगी पूर्ण बहादुर खत्री लाई सम्मान गर्ने निर्णय गरियो ।